नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(................अनुमतिपत्र महाशाखा................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२

फ्याक्स: ४५३९९०३

पोष्ट बक्स नं.: २५००७

सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:-०८०।८१

चलनी नं.:-१०३६

मिति: २०८१/०१/१२

विषय: माथिल्लो अप्सुवा जलविद्युत आयोजना(३५.१५मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री राम जानकी हाइड्रोपावर प्रा. लि.
काठमाडौं महानगरपालिका-११,ट्रेडटावर,थापाथली,
फोन: ०१-५१११०३४ ,९८५१०५६५७६ ।

उपरोक्त विषयमा तहाँबाट प्रवर्द्धित माथिल्लो अप्सुवा जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा निम्नानुसारका कागजात/विवरणहरु पेश हुन बाँकि देखिएकाले सो कागजात/विवरणहरु ०७ (सात) दिनको समयावधि भित्र पेश गर्नुहुन(तेस्रो पटक विवरण माग) विभागको मिति २०८०/१२/२८ को निर्णयानुसार अनुरोध छ ।

पेश गर्नुपर्ने कागजात/विवरणहरु(सम्पूर्ण प्रतिलिपिहरु notarize गरी पेश गर्नुपर्ने)

१. आयोजनाको अध्ययन प्रतिवेदन ,Drawing तथा सोको softcopy समेत,
२. प्रवर्द्धकबाट प्रमाणित आयोजनाको निर्माण कार्य तालिका (Construction Schedule),
३. आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथाCoordinateसहितको सक्कल टोपो नक्सा,
४. आयोजनाको वातावरणीय अध्ययन (IEE वा EIA)को स्वीकृत प्रतिवेदन तथा सोको softcopy,
५. प्रवर्द्धक कम्पनीको २०७९/८०को कर चुक्ता प्रमाण वा म्याद थपको प्रमाणित प्रतिलिपि,
६. अध्यावधिक शेयर लगत अभिलेखको softcopy(Excel मा),
७. उद्योग दर्ताको प्रमाणपत्रको प्रमाणित प्रति(वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत),
८. बहाल रहेको विद्युत खरिद बिक्रिको सम्झौता पत्र वा कनेक्सन एग्रिमेन्ट को प्रमाणित प्रति,
९. परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनिहरुको लगत,
१०.आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी,
११.कम्तिमा अघिल्ला दुई आर्थिक वर्ष मध्ये एक आर्थिक बर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरणको प्रमाणित प्रति(UDIN भएको),
१२.आयोजनामा इक्विटी लगानी गर्ने प्रतिवद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रति,
१३.आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धताको प्रमाणित प्रति(updated),
१४.विभागको Website मा रहेको Networth फारमको ढाँचामा आयोजनाको आवश्यक स्वपुंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीको Networth वा प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth को प्रमाणित प्रति(UDIN भएको) तथा CA को संस्था दर्ता,नवीकरण,Cop का प्रमाणित प्रतिहरु.
१५.कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौताको प्रमाणित प्रति,
१६.यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth प्रमाण पेश गर्नु पर्ने,
१७. सर्वेक्षण अनुमतिपत्र(वि.उ.स.१०२५)को प्रकरण ७(ज) मा शेयर संरचना परिवर्तन सम्बन्धी व्यवस्था रहेको र प्रवर्द्धक संस्थाको शेयर संरचनामा नयाँ शेयरधनी थप भएको देखिदा सो प्रकरण ७(ज) एवं विद्युत आयोजनको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५को दफा २४ बमोजिमको प्रावधान पालना भए/नभएको बारे स्पष्टीकरण (शेयर संरचना परिवर्तन सम्बन्धमा समयमा विभागलाई जानकारी गराएको /नगराएको बारे) ।

प्रदिप कुमार राउत,इन्जिनियर,
२०८१/०१/१२